मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र ५ गते बिहीबार ❑ 21 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## पर्यटकको सुरक्षाका लागि सरोकारवाला बीच छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भाद्र

उच्च हिमाली क्षेत्रहरुमा घुमघामका लागि पुग्ने पर्यटकहरुलाई खासगरी लेक लाग्ने समस्याबाट कसरी सुरक्षा प्रदान गर्न सकिन्छ भन्ने विषयमा बुधबार पोखरामा छलफल गरिएको छ।

पदयात्रा र धार्मिक हिसावले हिमाली क्षेत्रमा पुग्ने पर्यटकको सुरक्षालाई केन्द्रमा राखेर मुस्ताङ स्थित घरपझोङ गाउँपालिकाको आयोजना र होटल संघ पोखरा नेपालको समन्यमा कार्यक्रम भएको हो । खासगरी पछिल्ला वर्षहरुमा नेपालको सिमावर्ती तराई र सँगैका भारतीय शहरबाट पर्यटकहरु एकै दिनमा सिधै मुक्तिनाथको दर्शन गर्न जाने क्रम चलेपछि सरोकारवालाहरुको ध्यानाकर्षण भएको हो।

समुन्द्र सतहबाट एक सय मिटर हाराहारी उचाईमा रहेको तराई क्षेत्रबाट एकै दिन ३७१० मिटर उचाईको मुक्तिनाथ क्षेत्र पुग्नु मानव स्वास्थ्यको लागि निकै नकारात्मक कुरा भएको व्यवसायीहरुले चर्चा गरेका थिए। कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सभा सदस्य विकल शेरचनले यस विषयलाई नीति निर्माण तहबाटै सुधार गर्न गण्डकी प्रदेश सभामा आफूले कुरा उठाउने प्रतिवद्धता सुनाए । अन्नपूर्ण क्षेत्रको मूल पर्यटन भनेको अन्नपूर्ण चक्रीय पदयात्रा मार्गमा आधारित पर्यटन भएको भन्दै उनले यस क्षेत्रका विभिन्न ठाउँमा पर्यटकले देख्ने र बुझ्ने गरी सूचना र सचेतनामुलक सामग्रीको व्यवस्था हुनुपर्ने सुझाव राखे । होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले नेपालले अव पर्यटकको संख्यालाई भन्दा पनि गुणस्तरलाई ध्यान दिनुपर्ने सुझाव राखे । भारतीय पर्यटक रातारात एकै दिनमा मुक्तिनाथ पुगेर मुस्ताङ र पोखरा दुबै ठाउँमा रात नकाटी फर्कने परिपाटीले सुरक्षा




जोखिम बढेको मात्र नभई बसाई अवधि पनि छोटिन पुगेको बताए । यस्तो जोखिम मोल्दा लेक लागेर कतिपय पर्यटकको ज्यान समेत गएको अध्यक्ष सुवेदीले स्मरण गराए । होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुलीले पर्यटकलाई राम्रो सूचना प्रदान गरेर उनीहरुको बसाई अवधि लम्ब्याउन सकिने सुझाव राखे । यसका लागि पोखरामा एउटा पूर्वाधारयुक्त सूचनाकेन्द्रको आबश्यकता समेत उनले औंल्याए। पर्यटकको सुरक्षा, वातावरण संरक्षण र पर्यटकको बसाई अवधि लम्ब्याउने जस्ता विषय पर्यटनमा महत्वपूर्ण विषय भएको भनाई उनले राखे।

होटल संघ नेपाल गण्डकीका अध्यक्ष एवं होटल संघ पोखरा नेपाल सल्लाहकार परिषद्का संयोजक हरिप्रसाद शर्मा गैह्रेले पर्यटकलाई हतारमा उचाईमा पुर्याएर जोखिममा पार्ने प्रवृत्तिलाई निरुत्साहित पार्न केही दिन अघि आफ्नो संस्थाले एक विज्ञप्ति निकाली ध्यानाकर्षण गराएको स्मरण गराए । विषयलाई बाहिर ल्याउँदा समेत सरकारी पक्षबाट गंभिरतापूर्वक नलिइनु दुःखद भएको भनाई उनले राखे।

आयोजक संस्था घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहन सिंह लालचनले छोटो समयमा एकैपटक होचो भूभागबाट २८०० मिटर माथीको उचाईमा पुग्नु जोखिमपूर्ण हुने विषय स्मरण गराए । यो विषय धैरै पर्यटकले समेत थाह नपाएको हुन सक्ने भन्दै उनले पर्यटकलाई आराम गर्दै, समय लिएर न्यानो कपडाका साथ उच्च भूभागमा जानुपर्ने विषय जानकारी गराउनुपर्ने भनाई राखे । समथल ठाउँबाट आउने कतिपय पर्यटकले उचाईमा पनि उस्तै त होला नी भन्ने खालको शोच राख्ने गरेको उनले सुनाए।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख डा. रविन कडरियाले पर्यटकको सुरक्षाका लागि एक्याप सचेत रहेको बताए । एक्याप क्षेत्रमा २४५० होटल रहेको तथ्यांक दिंदै उनले त्यस क्षेत्रका व्यवस्थापन समितिसँग मिलेर एक्यापले काम गरिरहेको भनाई राखे । अन्नपूर्ण क्षेत्र साहासिक पर्यटन क्षेत्र भएको भन्दै पर्यटकलाई त्यही अनुसारको तयारी गरेर आउने वातावरणका लागि सरोकारवालाहरु मिलेर काम गर्नुपर्ने सुझाव राखे । एक तथ्यांक अनुसार गत आर्थिक वर्षमा अन्नपूर्ण संरक्षण क्षेत्रका विभिन्न गन्तव्यमा १८ पर्यटकको लेक लागेर मृत्यु भएको थियो । मृत्यु हुनेमा छ नेपालीसहित आठ भारतीय, अमेरिका, जर्मन, कोरिया र स्वीजरल्याण्डका एक एकजना नागरिक रहेको तथ्यांक अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले बाहिर ल्याएको छ। यस्तै जिल्ला प्रहरी कार्यालय मुस्ताङको तथ्याङ्कमा उक्त जिल्लामा मात्र बि.स २०८१ सालमा लेक लागेर ज्यान गुमाउनेहरूमा ८ जना भारतीय, २ जना नेपाली र १ जना अमेरिकी नागरिक रहेका छन्। यसरी ज्यान गुमाउनेहरु पनि भारतीय पर्यटककै संख्या बढी रहन गएको छ। नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज लामिछानेले पर्यटकको सुरक्षाका लागि सचेनामूलक पुस्तिका वितरण गर्ने र आबश्यक ठाउँमा सूचनामूलक बोर्डहरु राख्दा उपयुक्त हुने सुझाव राख्दै यसका लागि बोर्ड सघाउन तयार रहेको प्रतिवद्धता जनाए । टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले पर्यटक सूचना व्यवस्थापन प्रणाली (टिम्स्) कार्डको अनिवार्य व्यवस्थाले पर्यटकको सुरक्षा बढ्ने भनाई राखे। नाट्टा गण्डकीका उपाध्यक्ष राजेश पहारीले पर्यटकको सुरक्षाका लागि नीति र नियमन दुबै जरुरी भएको भनाई राखे।

होटल एवं पदयात्रा व्यवसायी हरि भुजेलले मुक्तिनाथ पुग्ने धार्मिक पर्यटकको स्वास्थ्यमाथि खेलवाड गर्ने व्यवसायी र समूहको पहिचान गरिनुपर्ने सुझाव राखे। टान गण्डकीका पूर्व अध्यक्ष धर्मराज पन्थीले सरकारले नै नीति ल्याएर पर्यटकको सुरक्षालाई निश्चित गरिनुपर्ने सुझाव राखे । नेपाल पर्यटक यातयात व्यवसायी संघ गण्डकीका अध्यक्ष दुर्गादत्त दाहालले पर्यटकलाई छोटो समयमा उचाईमा पुर्याउँदा हुने जोखिमका बारे आफ्नो संस्थाले सरकारको ध्यानाकर्षण विगतमा गराइसकेको विषय स्मरण गराए।

कार्यक्रममा व्यवसायीले पर्यटक बोकेर जाने सवारी चालकको बोलीबचन मर्यादित हुनुपर्ने विषय समेत राखेका थिए । कार्यक्रमको संचालन घरपझोङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वेदहरी अधिकारीले गरेका थिए।

## गण्डकी इन्स्टिच्युट अफ टेक्नोलोजीको पूर्वाधार विकासका लागि सम्झौता

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भाद्र

नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानअन्तर्गत गण्डकी इन्स्टिच्युट अफ टेक्नोलोजीको पूर्वाधार विकासका लागि करिब रू एक अर्ब २५ करोड बराबरको अनुदान सम्झौता भएको छ।

उक्त सम्झौतापत्रमा बुधबार नेपाल सरकारका तर्फबाट अर्थ सचिव घनश्याम उपाध्याय र कोरिया सरकारका तर्फबाट नेपालका लागि कोरियाका राजदूत पार्क ताइयोङले हस्ताक्षर गर्नुभयो।

यसपरियोजनाकार्यान्वयनको समन्वय कोरियाको तर्फबाट कोरिया अन्तरराष्ट्रिय सहयोग नियोग (कोइका) ले गर्नेछ भने नेपालको तर्फबाट गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानले गर्नेछ।

परियोजना सन् २०३० डिसेम्बर ३१ भित्र सम्पन्न हुने अर्थ सचिव उपाध्यायले जानकारी दिनुभयो । परियोजनाको मुख्य उद्देश्य २१औं शताब्दीको राष्ट्रिय तथा अन्तरराष्ट्रिय आवश्यकता पूरा गर्न दक्ष जनशक्ति उत्पादन गर्नु रहेको अर्थ सचिव उपाध्यायले बताउनुभयो । यो परियोजनाले गण्डकी प्रदेशलाई प्राविधिक केन्द्रका रूपमा विकास गर्दै व्यावसायिक तालिम कार्यक्रमलाई सबल बनाउने, शिक्षक तथा विद्यार्थीको सीप अभिवृद्धि गर्ने र उद्योग-व्यवसायसँग साझेदारी बढाउने लक्ष्य लिएको उहाँको भनाइ छ।

"यो सम्झौताले नेपालमा व्यावसायिक तथा प्राविधिक शिक्षाको उन्नतिमा नयाँ आयाम थप्नेछ । साथै यसले श्रम बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गरी नेपालको सामाजिक-आर्थिक वृद्धिमा टेवा पुऱ्याउनेछ", अर्थ सचिव उपाध्यायले भन्नुभयो।

सम्झौतामा हस्ताक्षर गर्दै राजदूत ताइयोङले भन्नुभयो, "यो परियोजना भवन र पूर्वाधारमा मात्र नभई दक्ष जनशक्ति निर्माण, सीप विकास र नेपालको भविष्यको श्रमशक्तिमा गरिएको लगानी हो। यसमार्फत नेपालले उच्च गुणस्तरको उद्योगमैत्री प्राविधिक शिक्षा प्रदान गर्ने क्षमता वृद्धि गर्नेछ।"

## मनसुनमा घटे पर्यटक

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भाद्र

पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध गन्तव्य अन्नपूर्ण संरक्षण क्षेत्रमा मनसुनका कारण पर्यटक घटेका छन्। गत असारयता पर्यटक आगमनमा कमी आएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ। असारमा १९ हजार ७४९ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका थिए। साउनमा जम्मा ११ हजार ८२४ पर्यटक भित्रिएको आयोजनाका प्रमुख डा रविन कडरियाले जानकारी दिनुभयो।

मनसुन सुरु हुनुअघि गत जेठमा ३१ हजार ९५५ पर्यटक अन्नपूर्ण क्षेत्रमा आएका थिए। गत वर्षको तुलनामा भने यो साउनमा पर्यटक बढी आएको उहाँको भनाइ छ । गत वर्ष साउनमा जम्मा पाँच हजार ७१० पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । मनसुनयाम पर्यटन क्षेत्रका लागि बेमौसम मानिन्छ।

असोज लागेपछि पदयात्राका लागि आउने स्वदेशी तथा विदेशी पर्यटकको सङ्ख्या बढ्ने आयोजना प्रमुख डा कडरियाले बताउनुभयो । "मनसुनयाममा पनि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा विश्वविद्यालय व्यवस्थापन सङ्कायको डिनमा शर्मा



**पोखरापत्र संवाददाता**
पोखरा, १ भाद्र

पोखरा विश्वविद्यालय व्यवस्थापन सङ्कायको डिनमा प्रा डा ज्ञानेश्वर शर्मा नियुक्त हुनुभएको छ।


विश्वविद्यालय कार्यकारी परिषद्को बैठकले पोखरा विश्वविद्यालय ऐन, २०५३ को दफा २७ (३) बमोजिम पोखरा विश्वविद्यालय स्कूल अफ बिजनेसका प्रा डा शर्मालाई व्यवस्थापन सङ्कायको डिन पदमा चार वर्षका लागि नियुक्त गरेको विश्वविद्यालयका सूचना अधिकारी लोकप्रसाद ढकालले जानकारी दिनुभयो।

नवनियुक्त डिन शर्मालाई बुधबार उपकुलपति कार्यालयमा आयोजित विशेष समारोहकाबीच उपकुलपति प्रा डा वेदराज केसीले पद तथा गोपनीयताको शपथ गराउनुभएको छ। शपथ ग्रहणपछि शर्माले पदबहाली गर्नुभएको छ।

इ-सिगरेट प्रयोग नगरौं, सुरक्षित र स्वस्थ्य रहौं।

इलेक्ट्रोनिक सिगरेट वा भेपिङ्ग पनि चुरोट वा अन्य सुर्तीजन्य पदार्थ जस्तै स्वास्थ्यको लागि हानिकारक हुन्छ त्यसैले:
- इ-सिगरेटले निकोटिनको लत बढाउँछ,
- यसले फोक्सोको रोगका साथै स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ,
- धेरैजसो इ-सिगरेटमा विषालु रसायनहरू हुन्छन्,
- इ-सिगरेट सुरक्षित विकल्प नभई स्वास्थ्यका लागि हानिकारक हुन्छ,
- स्वस्थ जीवनका लागि धूम्रपान र इ-सिगरेट दुवैबाट टाढा बसौं,
स्वस्थ बनौं हानिकारक वस्तुबाट टाढै रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



# संस्कृतिको जगेर्ना र पर्यटन प्रवर्द्धनका लागि तीज महोत्सव

पोखरापत्र संवाददाता
पोखरा, ४ भाद्र




पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) ले यही भदौ १० र ११ गते पोखराको लेकसाइडस्थित बाराहीघाटमा 'तेस्रो तीज सांस्कृतिक महोत्सव-२०८२' आयोजना गर्ने भएको छ। हरितालिका तीजको अवसरमा आयोजना हुने महोत्सवमा १० हजारभन्दा बढी दर्शकको सहभागिता रहने आयोजकको अपेक्षा छ।

संस्थाले बुधबार पोखरामा पत्रकार सम्मेलनको आयोजना गरी महोत्सवको तयारीबारे जानकारी दिएको हो। महोत्सवको मूल नारा 'संस्कृतिको जगेर्ना गरौं, पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याऔं' राखिएको छ। नेपाली महिलाको भक्ति, उल्लास र सामूहिक संस्कृतिको पर्वका रूपमा मनाइने तीजको परम्परागत गीतहरूलाई खुला चौरमा पुनर्जीवित गर्ने उद्देश्यले यो महोत्सव आयोजना गरिएको टेवान अध्यक्ष शोभा न्यौपाने पाण्डेले बताइन्। उनका अनुसार गत वर्ष झण्डै ८ हजार दर्शकले अवलोकन गरेको यस महोत्सवमा यस वर्ष गण्डकी प्रदेशका ११ वटै जिल्लाका महिलाको सहभागिता रहनेछ। आन्तरिक तथा बाह्य पर्यटकको व्यापक सहभागिताको पनि अपेक्षा गरिएको छ। महोत्सव संयोजक शान्ता तिमिल्सिनाका अनुसार महोत्सवमा सांगीतिक तीज गीत प्रतियोगिता, विभिन्न खेलकुद प्रतियोगिता र विविध सांस्कृतिक कार्यक्रम रहनेछन्। गत वर्ष ३० समूहको प्रतिस्पर्धा रहेको तीज गीत प्रतियोगिता यस वर्ष अझै उत्साहपूर्ण हुने अपेक्षा गरिएको छ। तीज गीत प्रतियोगितामा पहिलो हुने टिमले ३५ हजार, दोस्रोले २५ हजार, तेस्रोले २० हजार र सान्त्वना १० समूहले ४-४ हजार रुपैयाँ प्राप्त गर्नेछन्। उत्कृष्ट नृत्यलाई पनि आकर्षक पुरस्कारको व्यवस्था गरिएको उनले बताइन्। टेवान महासचिव शोभा अधिकारी पौडेलले पहिलो दिन विहान १०:३० बजे हल्लनचोकबाट बाजागाजासहित भव्य ऱ्याली निकालिने जानकारी दिइन्। पर्यटन व्यवसायीका संघसंस्था, आमा समूह, दिदी बहिनी समूह र विविध सांस्कृतिक समूहको सहभागिता रहने उक्त ऱ्यालीपछि उद्घाटन समारोह हुनेछ। सोही दिनबाट खुला तीज गीत प्रतियोगिता सुरु हुनेछ। दोस्रो दिन विहान १० बजेबाट खेलकुद प्रतियोगिता सुरु हुनेछ। रस्साकसी, घैंटो फुटाउने, साडी दौड जस्ता रमाइला खेलकुदसँगै महिला सशक्तीकरण सम्बन्धी दुईवटा 'टक सो' (संवाद कार्यक्रम) हुनेछन्।यो महोत्सवले परम्परागत वेशभूषा, सामूहिक नृत्य, लोकसंगीत र परिकारहरूको पहिचानलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउन महत्वपूर्ण भूमिका खेल्ने टेवानकी निवर्तमान अध्यक्ष कमला गिरीले बताइन्। उनले भनिन्, 'सांस्कृतिक संरक्षण, स्थानीय हस्तकला, खानपान र पर्यटन प्रवर्द्धनका नयाँ ढोकाहरू खुल्नेछन्।' महोत्सव सम्पन्न गर्न झण्डै १७ लाख रुपैयाँ खर्च हुने उनले जानकारी दिइन्। महोत्सवले पोखरा भ्रमण वर्ष २०२५ लाई सफल बनाउन ठोस योगदान पुऱ्याउने पोखरा-६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईले बताए। उनले आगामी वर्षदेखि वार्षिक रुपमा टेवानको तीज महोत्सवका लागि बजेट छुट्याउने प्रतिवद्धता व्यक्त गरे। पोखराको सुस्त अर्थतन्त्रलाई चलायमान गराउन यो महोत्सवले प्रत्यक्ष सहयोग पुऱ्याउने पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताए। पर्यटन महिला व्यवसायीको क्रियाशीलता र सशक्तीकरणमा समेत उल्लेखनीय योगदान पुग्ने अपेक्षा उनले गरे। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख मणिराज लामिछानेले सांस्कृतिक गौरवलाई पर्यटकीय सम्पदामा रूपान्तरण गर्दै देशको आर्थिक समृद्धिमा अमूल्य योगदान दिन तीज महोत्सवले भूमिका खेल्ने बताए। पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले विदेशी पर्यटकलाई तीजको महत्व बुझाउन महोत्सव सफल हुने विश्वास व्यक्त गरे। महोत्सवको मुख्य प्रवर्द्धकमा पोखरा महानगरपालिकाको कार्यालय र नेपाल पर्यटन बोर्ड रहेका छन्। महोत्सवलाई गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय र पोखरा पर्यटन परिषद्को सहयोग रहेको छ।

# जिसस कास्कीको पालिकाहरूसँग असल अभ्यास अन्तरक्रिया कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ४ भाद्र



जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कास्कीका पालिकाहरूसँग असल अभ्यास बिषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नु भएको थियो। पौडेलले कार्य सम्पादन र बिकास निर्माणका असल अभ्यास आदान प्रदान सहित समस्याहरूको निराकरण र प्रभाबकारी समन्वयका निम्ति कार्यक्रम आयोजना गरिएको उल्लेख गर्दै आपसी अनुभव आदान प्रदानले प्रभाबकारी कार्यसम्पादनको स्तर वृद्धिमा सहयोग गर्ने उल्लेख गर्नुभयो।

पौडेलले सबै पालिकाहरूले आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरेर जनउत्तरदायी र जबाफदेही सेवा प्रबाहमा केन्द्रित हुनुपर्ने उल्लेख गर्दै पारदर्शी र प्रभाबकारी दिगो बिकासमा लाग्न अनुरोध गर्नुभयो।

कार्यक्रममा पोखरा पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्य, अन्नपूर्ण गाउँपालिकाका उप प्रमुख चन्द्रकला अधिकारी, कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेबी शर्मा, गैर सरकारी संस्था महासंघ कास्कीका सचिब केशु भुजेल सहितले आ-आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो। कास्कीस्थित पाँचवटा पालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृत सहभागी कार्यक्रममा सबै पालिकाहरूले आफ्नो पालिकामा भएका बिकास निर्माण र गतिविधि सहितको असल अभ्यास प्रस्तुति गरेका थिए।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागत उपप्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको जिल्ला समन्वय समिति कास्कीका सूचना अधिकारी लक्ष्यु शर्माले जानकारी दिनुभयो।

# नेता गिरी अध्ययनशील व्यक्ति हुन् : सभापति देउवा

रासस
काठमाडौं, ४ भाद्र

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीका स्व नेता प्रदीप गिरी अध्ययनशील नेता भएको बताउनुभएको छ।

कांग्रेसका समाजवादी चिन्तक स्व प्रदीप गिरीको स्मृतिमा आज यहाँ आयोजित कार्यक्रममा उहाँले स्व गिरी कांग्रेसमा विद्वान नेता भएको बताउनुभयो। सभापति देउवाले भन्नुभयो, "प्रदिपजीलाई मैले भारतको बनारसमा चिनेको हुँ, पछि उहाँ र म जेलमा पनि सँगै थियौँ। उहाँ धेरै पढने मान्छे। रातभरी किताब पढ्न सक्ने व्यक्ति हो।" दुर्भाग्यले नेता गिरी चाँडै सबैलाई छोडेर जानुभएको उल्लेख गर्दै उहाँले अन्तिम समयमा आफूले भेटेको स्मरण गर्नुभयो। सभापति देउवाले नेता गिरीले छोडेर गएका बाँकी काम सबैले मिलेर पूरा गर्नुपर्ने उल्लेख गर्नुभयो।

सभापति देउवाले जनताको मन जित्नेगरी काम गर्न नेता कार्यकर्तालाई आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "जनता भनेका सार्वभौमसत्ता सम्पन्न हुन्। जनता मालिक हुन र जनताभन्दा ठूलो कोही छैन्।"

कतिपयले आफूलाई कतिपटक प्रधानमन्त्री भएको होला भन्ने गरेकोप्रति लक्षित गर्दै उहाँले जनताले भोट दिएको, पार्टीका साथीभाइले सहयोग गरेको र अन्य पार्टीका साथीले पनि सहयोग गरेका कारण आफू प्रधानमन्त्री हुँदै आएको बताउनुभयो। सभापति देउवाले भन्नुभयो, "म शौभाग्यशाली व्यक्ति पनि हुँ, सधैँ प्रत्यक्षमा निर्वाचन लडेँ, जनताले भोट दिएर जिताए, कहिले पनि हारेको छैन।" कार्यक्रममा नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले नेता गिरी बिपी कोइरालासँग विद्रोह गर्नसक्ने युवाका रुपमा आफूले चिनेको बताउनुभयो। उहाँले कुनै पनि सैद्धान्तिक आधार नभएका तथा उद्देश्य र गन्तव्य नभएका केही दलहरुले पछिल्लो समय पुराना पार्टी र पुरानो नेतृत्व काम लाग्दैन भन्ने भाष्य निर्माण गर्न खोजेको टिप्पणी गर्दै दलहरु कहिल्यै पुराना नहुने जिकिर गर्नुभयो। नेकपा (माओवादी) का उपमहासचिव वर्षमान पुनले आफूहरुले कार्लमार्क्सका बारेमा पढाउनसक्ने क्षमता भएका नेताका रुपमा प्रदीप गिरीलाई चिनेको बताउँदै उहाँका लेख र किताबबाट आफू प्रभावित भएको स्मरण गर्नुभयो। उहाँले स्व गिरीको निष्ठा र नैतिकता अहिलेको राजनीतिमा झनै सान्दर्भिक भएको उल्लेख गर्नुभयो। नेकपा (एकीकृत समाजवादी) का महासचिव डा घनश्याम भुसालले स्व नेता गिरी एसियामा मार्क्सका विचार र विचारको प्रभावका बारेमा बुझेका कमै मानिसमा पर्ने व्यक्तित्व भएको उल्लेख गर्नुभयो। साथै उहाँले नेता गिरी पाखण्डबिनाको सच्चा समाजवादी नेता भएको र उहाँलाई आफूले जे बोल्यो त्यही जीवनमा आत्मसात गर्ने नेताका रुपमा आफूले चिनेको बताउनुभयो। अहिलेको राजनीतिमा नेता गिरी जस्तो नेताको खडेरी रहेको उहाँको भनाइ थियो। जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रेखा यादवले स्व गिरी मधेसका भावना बुझ्ने र फराकिलो राजनीतिक विचार भएका बिर्सन नसकिने नेता भएको बताउनुभयो। कांग्रेसको प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले उहाँलाई फराकिलो र बृहत् राजनीतिक दृष्टिकोण भएका नेताका रुपमा चित्रित गर्दै नेपालको राजनीतिमा उहाँको योगदान तथा विचार सदैव स्मरणीय रहिरहने उल्लेख गर्नुभयो। पार्टीका केन्द्रीय सदस्य एवं आयोजक स्कुल अफ डिमोक्रेसीका अध्यक्ष नैनसिंह महरले स्व नेता गिरीको सँगाल्नु भएको नैतिकताको बाटो अहिले राजनीतिमा विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

स्व नेता गिरीका धर्मपत्नी भारती सिलवालले उहाँ गान्धी, अम्बेडकर, लोहिया जस्ता राजनीतिक चिन्तकबाट प्रभावित बहुआयामिक व्यक्तित्व र दर्शनमा गहिरो ज्ञान भएको कुशल राजनीतिक चिन्तक भएको बताउनुभयो।

# तीज गीतमा कृषिका कुरा

पोखरापत्र संवाददाता
पोखरा, ४ भाद्र

तीज गीत भन्नासाथ पहिले महिलाका दुःख, पीरवेदना र चोट सार्वजनिक गर्ने माध्यमका रुपमा बुझिन्थ्यो।

तीज गीतमार्फत महिला अधिकार र मुक्तिको आवाज मुखरित गरिन्थ्यो। पछिल्लो समय महिलाका मुद्दामा मात्र तीज गीत सीमित छैन। तीजका नाममा भड्किला गीत गाउने प्रवृत्ति पनि देखिन्छ। तर पोखरामा केही वर्षयता तीज गीतलाई कृषिसँग जोडेर प्रतियोगिता आयोजना हुँदै आएको छ। तीजको छेको पारेर आठौँ संस्करणको 'कृषि तीज गीत प्रतियोगिता' बिहीबार आयोजना हुन लागेको हो। गण्डकी प्रदेशस्तरीय उक्त प्रतियोगितामा मनाङ र मुस्ताङबाहेक नौ जिल्लाका कृषक समूहले भाग लिने प्रतियोगिताका संयोजक घनश्याम पाण्डेले जानकारी दिनुभयो। जिल्लास्थित कृषि ज्ञान केन्द्रले छनोट गरेर पठाएका समूहबीच प्रतिस्पर्धा हुने उहाँको भनाइ छ।

प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको समन्वय र पब्लिक फोरके टेलिभिजनद्वारा आयोजित उक्त प्रतियोगिता पोखरा उद्योग वाणिज्य सङ्घको सभाकक्षमा सञ्चालन हुनेछ। प्रतियोगिताका विजेता समूहले रु ५५ हजार ५५५, दोस्रो हुने समूहले रु ३३ हजार ३३३, तेस्रोले रु २२ हजार २२२ र सान्त्वना हुने समूहले रु ११ हजार १११ पुरस्कार र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ।

उत्कृष्ट नृत्य र वेषभूषातर्फ पनि पुरस्कारको व्यवस्था गरिएको प्रतियोगिताका संयोजक पाण्डेले बताउनुभयो।प्रतियोगितामा कलाकार राजु परियार, प्रजापति पराजुली, सशीला गौतम, राजन कार्की, सरला पाण्डेलगायको साङ्गीतिक प्रस्तुति रहने जनाइएको छ। दर्शकका लागि प्रवेश निःशुल्क गरिएको छ।

गत वर्षको प्रतियोगितामा बागलुङको जिल्ला कृषि सहकारी सङ्घ विजेता बनेको थियो। कृषि पेसाको सम्मानसहित किसानलाई व्यावसायिक कृषिमा प्रेरित गर्ने उद्देश्यले कृषि तीज गीत प्रतियोगिता आयोजना गरिएको प्रतियोगिताका संयोजक पाण्डेले बताउनुभयो। किसानले भोग्दै आएका समस्या, गुनासा, सफलताका कथा आदि विषयवस्तुलाई तीज गीतमार्फत उठाउने गरिएको उहाँको भनाइ छ। तीज पर्वको अवसर पारेर पोखराका अन्य सङ्घसंस्थाले पनि विभिन्न मेला र उत्सवको आयोजना गरेका छन्।

# मनसुनले ...

घुम्न सकिने गन्तव्यको पहिचान र प्रवर्द्धनको काम गर्न सकिएमा विदेशी पर्यटक आकर्षित गर्न सकिन्छ", उहाँले भन्नुभयो, "पछिल्लो समय कास्कीको कोरी, बागलुङको ढोरपाटनलगायत ठाउँमा मनसुन पदयात्राका लागि आन्तरिक पर्यटक पुग्न थालेका छन्।" असारदेखि भदौसम्मको यामलाई पर्यटन क्षेत्रका लागि 'अफसिजन'का रूपमा लिने गरिएको उहाँले बताउनुभयो। अन्नपूर्ण क्षेत्रको पदयात्राका लागि असोजदेखि मङ्सिर र चैतदेखि जेठसम्मको समय उत्तम मानिन्छ। सोही याममा पर्यटक आगमन पनि उल्लेख्य रूपमा बढ्ने गरेको छ। गत आवमा दुई लाख ७८ हजार ११३ विदेशी पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका थिए।

आयोजना कार्यालयले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ। यस क्षेत्रमा पर्ने अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायतका गन्तव्यस्थलले पर्यटकलाई लोभ्याउने गरेको छ। कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायतका मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा गर्न सकिन्छ।

सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्छन्। अन्नपूर्ण संरक्षण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ।

# महिला अधिकार सम्बन्धी अभिमुखीकरण तथा तीज विशेष कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ४ भाद्र




पोखरामा जेसी नीति र महिला अधिकार सम्बन्धी अभिमुखीकरण तथा तीज विशेष कार्यक्रम भएको छ। सञ्चारिका समूह गण्डकीको आयोजनामा र असल छिमेकी सहयोग सङ्घ गोनेसाको सहयोगमा बुधबार कार्यक्रम भएको हो।

गण्डकी प्रदेशका उपसभामुख बिना कुमारी थापाले महिला अधिकार र समानताका सवालमा खुलेर आवाज उठाउनुपर्नेमा जोड दिइन्। उनले महिलाहरुले अझै पनि समाजमा विभेद, हिंसा र अन्याय सहनुपरेको बताउँदै यसका विरुद्ध आवाज उठाउनुपर्ने उनको भनाइ छ। सञ्चारिका समूह गण्डकीकी अध्यक्ष कविता श्रेष्ठले महिलाका विचार र आवाजलाई निर्णायक भूमिकामा स्थान दिनुपर्ने बताइन्। उनले समावेशीतालाई सबै संस्थागत अभ्यासमा अनिवार्य रुपमा लागू गर्नुपर्नेमा जोड दिइन्। महिला समावेशी सम्बन्धी नीति नियमहरू बने पनि कार्यान्वयन हुन नसकेको उनको गुनासो छ। हरेक संस्थामा जेसी नीतिलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नुपर्नेमा विशेष ध्यान दिन उनले आग्रह गरिन्। सवनम शर्माले महिलामाथि हुने हिंसाका विरुद्ध एकजुट भएर आवाज उठाउनुपर्ने बताइन्। अझै पनि समाजमा बोक्सी प्रथा विद्यमान रहेको बताउँदै त्यसलाई तत्काल अन्त्य गर्नुपर्ने धारणा राखिन्। उनले नेपालको संविधानले हिंसा वा दुर्व्यवहार भएमा कानुनी उजुरी गर्ने अधिकार सुनिश्चित गरेको भन्दै पीडितलाई आफ्नो हक प्रयोग गर्न आग्रह गरिन्। कार्यक्रममा गण्डकीका प्रेस रजिस्ट्रार विमला भण्डारी, क्रियाशील महिला पत्रकार महासंघ गण्डकीका अध्यक्ष सरिता तिमल्सिना पंगेनी, गोनेसाका कार्यक्रम संयोजक मुना दवाडी, फेडोका प्रदेश सदस्य सुमित्रा गायक, इन्सेकका संयोजक गणेश भण्डारी, गोनेसाका कार्यकारी निर्देशक शिवराज शर्मा लगायतको उपस्थिति थियो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# कालापानी नेपालको भएको स्पष्ट

चीन र भारतबीच भएचीको व्यापार सम्झौतापछि नेपाल सरकार परराष्ट्र मन्त्रालयले महाकाली नदी पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग भएको दोहऱ्याएको छ । दुई ठूला देशले गरेको सहमति नेपालप्रतिको वलमिच्याई हो।नेपालको भूमि प्रयोग गरेर सडक बनाउँदा नेपालले विरोध जनाउनै पर्छ । महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट रहेको मन्त्रालयले जनाएको छ । प्रवक्ता लोकबहादुर क्षेत्रीद्वारा बुधबार जारी प्रेस नोटमा भनिएको छ- 'नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापारजस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको विदितै छ । उक्त क्षेत्र नेपाली भूभाग रहेको विषयमा मित्रराष्ट्र चीनलाई समेत जानकारी गराइसकिएको व्यहोरा पनि अवगत नै छ ।'

नेपाल-भारतबीच रही आएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुसार ऐतिहासिक सन्धि-सम्झौता तथ्य, नक्सा र प्रमाणको आधारमा दुवै देशबीचको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल सरकार प्रतिबद्ध रहिआएको परराष्ट्रद्वारा जारी प्रेस नोटमा उल्लेख छ । यसअघि २०७२ सालमा (सन्२०१५) मा पनि भारत र चीनका प्रधानमन्त्रीबीच लिपुलेक पासबाट व्यापार गर्ने सहमति भएको थियो । भारतका प्रधानमन्त्री नरेन्द मोदी २०१५ मे १४ मा चीन भ्रमण गएका बेला समकक्षी ली खछियाङबीच लिपुलेक नाकाबाट द्विदेशीय व्यापार अभिवृद्धि गर्ने सहमति भएको थियो । 'नाथु ला, कियाङला/लिपुलेक पास शिपकी ला पासबाट सीमाव्यापार विस्तार गर्न दुवै पक्ष सहमत भए' सहमतिमा भनिएको थियो । त्यतिबेला नेपालको भूमि हुँदै भारत र चीनले व्यापार विस्तार गर्ने सहमतिप्रति नेपालमा तीव्र विरोध भएको थियो । उक्त सहमतिप्रति तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारले औपचारिक रूपमा विरोध जनाएको थियो । सरकारले सहमतिप्रति आपत्ति जनाउँदै तत्कालै दुवै देशलाई कूटनीतिक नोट नै पठाएको थियो ।

अहिले पुनः त्यही कुरा दोहोरिएकाले परराष्ट्र मन्त्रालयले तत्कालै भारत र चीन दुवैलाई 'डिप्लोमेटिक नोट' पठाइहाल्न पर्छ । प्रधानमन्त्री ओली निकट भविष्यमै चीन र भारत भ्रमणमा जान लागेकाले त्यहाँ राजनीतिक तहमा पनि यस विषयलाई उठाउनुपर्ने झासुझाव व छ । प्रधानमन्त्री ओली संघाई सहयोग संगठन (एससिओ) को १५-१६ भदौमा हुने बैठकमा भाग लिन चिनियाँ सहर तियाचिनमा जाने कार्यक्रम छ । एससीओ सम्मेलनमा भारतका प्रधानमन्त्री मोदी पनि सहभागी हुँदैछन् । त्यस्तै, ओली भदौ ३१ बाट भारतको औपचारिक भ्रमणमा जाने कार्यक्रम छ । दुवै भ्रमण आफ्नो कुरा राख्ने राम्रो अवसर भएको छ ।

नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रियताका सवालमा सरकारको प्रष्ट अडान राखेर नै नेपालको हित रक्षा गर्न सकिन्छ । चीनले पनि व्यापारिक स्वार्थमा नेपालको जमिन हडप्न रचिएको सबै प्रपञ्च हुन । देशका सबै नागरिकको स्वास्थ्य स्थिति ख्याल गर्नुपर्ने हुन्छ । देशको भुभाग जहाँपनि छिमेकीले हड्प सक्दैनन् । सबैले दुहुन सक्ने बनाउन दिनु हुँदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखराको पुरानो टुडिखेलमा तीज महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भाद्र

नेपाली नारीहरुको महान पर्व हरितालिका तिज पर्वको अवसरमा पोखराको पुरानो टुडिखेल मैदान यसपालि तेश्रो ऐतिहासिक तीज महोत्सव-२०८२ हुने भएको छ ।

इन्द्रेणी एकीकृत विकास केन्द्र, पोखराले आयोजना गर्ने उक्त महोत्सव ६ देखि १५ गतेसम्म संचालन हुने भएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराईएको हो । महोत्सवमा परम्परागत मौलिकता झल्काउने ढिकी-चाँतो प्रतियोगिता हुने भएको छ । आमा समूहस्तरीययोप्रतियोगितामाग्रामीण जीवनशैली र पुराना संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्य उक्त प्रतियोगिता समावेस गरिएको केन्द्रका अध्यक्ष भानुभक्त अधिकारीले बताउनु भयो । त्यसै गरी महोत्सवमा तीज गीत प्रतियोगिता, गृहिणी नृत्य प्रतियोगिता, भेषभूषा प्रतियोगिता प्रमुख आकर्षण हुने भएको उहाँले जनाउनु भयो । ढिकी-चाँतो प्रतियोगितामा प्रथम हुनेले १२ हजार ५ सय ५५, द्वितीयले ७ हजार ५ सय ५५ र तृतीयले ५ हजार ५ सय ५५ प्राप्त गर्नेछन् । महोत्सवमा प्रत्येक दिन राष्ट्रिय तथा स्थानीय कलाकारहरूको प्रस्तुति हुने भएको प्रचार संयोजक रोहितराज पराजुलीले बताउनु भयो । महोत्सवमा प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, राजु परियार, ज्योति मगर, श्याम राना र नविना शिलुवाल (खुइली) जस्ता चर्चित कलाकारको प्रस्तुती हुने भएको छ । त्यसैगरी, हास्यव्यङ्ग्य कार्यक्रम, बालउद्यान, झाँकी प्रदर्शन, महिला उद्यमीका उत्पादनहरूको प्रदर्शनी, १५० भन्दा बढी व्यवसायिक स्टल पनि महोत्सवमा रहने भएको अध्यक्ष अधिकारीले जनाउनु भयो ।

खुल्ला तिज गित प्रतियोगितामा बिजेतालाई ३५ हजार ५ सय ५५, दोश्रोलाई २० हजार ५ सय ५५, तेश्रोलाई १० हजार ५ सय ५५ रुपैया पुरस्कार प्रदान गरिने भएको उपाध्यक्ष निरज बिक्रम राणाले बताउनु भयो । उक्त महोत्सवलाई बिवाईडीले मुख्य प्रायोजन गरेको छ । महोत्सवबाट संकलित रकम इन्द्रेणीले निर्माण गरेको आवासीय कार्यक्रम भवन र माछापुच्छ्रे दृश्यावलोकन पार्कलाई व्यवस्थित गर्न, टुडिखेल खेलमैदान व्यवस्थापनमा सहयोग गर्न, र सामाजिक सेवा कार्यमा खर्च गरिने अध्यक्ष अधिकारीले बताउनु भयो ।

# व्यासको चिस्यान केन्द्रमा बीउ आलु भण्डारण निःशुल्क



**पोखरापत्र संवाददाता**
तनहुँ, ४ भाद्र

जिल्लाको व्यास नगरपालिका-११ स्थित गैह्राबारीमा निर्माण गरिएको चिस्यान केन्द्रमा किसानका आलु भण्डारणको निःशुल्क व्यवस्था गरिएको छ । केन्द्र सञ्चालनको पहिलो वर्ष परीक्षणको समय भएकाले बीउको आलु भण्डारण निःशुल्क गरिएको हो ।

तीन रोपनी क्षेत्रफलमा चिस्यान केन्द्र निर्माण गरिएको छ । आलु भण्डारण गर्दा क्षति भएमा त्यसको जोखिम नगरपालिकाले व्योहोर्ने जनाएपछि भण्डारण गरिएको हो । चिस्यान केन्द्र सञ्चालनमा ल्याएपछि आठ मेट्रिकटन बीउ आलु भण्डारण गरिएको कृषि, पशुपन्छी तथा सहकारी विकास उपशाखाकी प्रमुख समीक्षा पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार व्यास-९ स्थित सुनौलो नयाँ गोरेटो सहकारी संस्था, व्यास-५ को हरियाली कृषक समूह, व्यास-६ को श्याम्घा साना किसान समूह, रिस्ती मादी कृषक समूह र कृषि ज्ञान केन्द्रबाट गरी उक्त परिमाणको आलुको बीउ भण्डारण गरिएको छ । नगरपालिकाले चिस्यान केन्द्र सञ्चालनका लागि तीन पटकसम्म सूचना जारी गर्दा पनि कुनै सहकारी संस्था वा प्राइभेट फार्मबाट आवेदन नआएपछि नगरपालिका आफैंले सञ्चालन गरेको प्रमुख पोखरेलले बताउनुभयो । एक सय ३० मेट्रिकटन क्षमताको चिस्यान केन्द्र गत चैतदेखि विधिवत रूपमा सञ्चालनमा ल्याइएको जनाउँदै उहाँले गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको संयुक्त लगानीमा केन्द्र निर्माण गरिएको उल्लेख गर्नुभयो । केन्द्र निर्माणको जिम्मा देवचुली कन्ट्रक्सन कम्पनी प्रालिले लिएको थियो । विसं २०७८ भदौ १३ गते कम्पनीले सम्झौता गरी निर्माण अघि बढाइएको थियो । विद्युत् प्राधिकरणले समयमा 'थ्री फेज'को ट्रान्समिटर जडान नगरिदिँदा एक वर्ष ढिलाइ गरी सञ्चालनमा ल्याइएको व्यास नगरपालिकाका योजना शाखा अधिकृत भेषराज तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रारम्भिक ठेक्का रकम रु एक करोड ६२ लाख ३२ हजार २४६ रहेकामा थप रु १९ लाख ९८ हजार ६२७ वृद्धि भई करसहित रु करोड ९१ लाख ३२ हजार ७२२ पुगेको नगरपालिकाले जनाएको छ । वर्षौंदेखि व्यक्तिले कब्जा गरी भोगचलान गर्दै आएको सार्वजनिक जग्गा नगरपालिकाले संरक्षण गरी चिस्यान केन्द्र निर्माण गरेको प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो । आगामी आर्थिक वर्षदेखि व्यास नगरपालिकामा उत्पादन भएका आलु, सुन्तलालगायत फलफूल र तरकारी पूर्ण रूपमा भण्डारण गर्न सकिने उहाँले बताउनुभयो । नगरपालिकामा चिस्यान केन्द्र निर्माण भएपछि वार्षिक करिब रु पाँच करोड बाहिरिनबाट रोकिने व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । "व्यासमा चिस्यान केन्द्र सञ्चालनमा आएपछि आलु, फलफूल, तरकारीलगायत कृषिउपज भण्डारण गरी सुरक्षित राख्न सकिन्छ । योसँगै कृषिउपज भण्डारणका लागि पोखरा र चितवन लैजानुपर्ने समस्याको अन्त्य हुने विश्वास गरेका छौँ", उहाँले भन्नुभयो । चिस्यान केन्द्र सञ्चालनमा आएसँगै कृषिउपज भण्डारणमा सहज हुने भएपछि यहाँका किसान व्यवसायिक रूपमा उत्साहित भएका छन् । विशेषगरी आलु, सागसब्जी तथा अन्य कृषिउपजको दीर्घकालीन भण्डारण गरी बजारमा मूल्य सन्तुलन कायम गर्न चिस्यान केन्द्र महत्त्वपूर्ण हुने नगरपालिकाले जनाएको छ ।

# दमौली अस्पतालबाट एक वर्षमा एक लाख सेवाग्राही लाभान्वित

**पोखरापत्र संवाददाता**
दमौली, ४ भाद्र



जिल्ला सदरमुकामस्थित प्रदेश अस्पताल दमौलीले एक वर्षमा एक लाखभन्दा बढी सेवाग्राहीलाई सेवा प्रदान गरेको छ । कार्यालयले गत आर्थिक वर्ष २०८१/८२ मा एक लाख सात हजार ९८३ जनालाई सेवा दिएको हो ।

विभिन्न सेवा थप भएसँगै सेवाग्राहीको सङ्ख्या बढेको अस्पतालका प्रमुख डा परिवर्तन बरालले बताउनुभयो । आव २०८०/८१ मा ९८ हजार ३५६ जनाले सेवा लिएकामा आव २०७९/८० मा ७३ हजार २५३ र आव २०७८/७९ मा ६४ हजार ५९४ ले सेवा लिएका उहाँले जानकारी दिनुभयो ।

अस्पतालमा प्रत्येक वर्ष बिरामीको सङ्ख्या बढ्दो अवस्थामा रहेको बताउँदै प्रमुख बरालले यहाँ तनहुँका अतिरिक्त छिमेकी जिल्ला लमजुङका बासिन्दा समेत उपचारका लागि आउने गरेका उल्लेख गर्नुभयो । एक वर्षको अवधिमा बहिरङ्ग (ओपिडी) मा ३६ हजार ६१७ बिरामीले सेवा लिएका छन् भने सोही अवधिमा ३७ हजार ९२९ जनालाई प्रयोगशाला सेवा, पाँच हजार ९१९ जनाले अल्ट्रासाउण्ड र चार हजार २१९ जनाले इसिजी सेवा लिएका जनाइएको छ । अस्पतालले ५० जनालाई शल्यक्रियामार्फत प्रसूति सेवा दिएको छ । अघिल्लो आवमा १९ जनाले उक्त सेवा लिएका थिए । डा बरालले भन्नुभयो, "बढ्दो सहरीकरणसँगै अस्पतालमा सेवाग्राहीको चाप बढ्दो छ, हाल भइरहेको जनशक्ति र क्षमताले सेवा प्रवाहमा कठिनाइ उत्पन्न भएको छ ।" उहाँका अनुसार अस्पतालमा एक सय १५ जनाको जनशक्ति छ । तीमध्ये विशेषज्ञ चिकित्सक ३१, नर्स ३६, प्रयोगशालाका कर्मचारी छ, प्रशासनका कर्मचारी सात, अन्य प्रविधिक १३ र सहायक कार्यरत २२ जना छन् । पन्ध्र शय्या स्वीकृतिको अस्पतालले हाल ५० शय्यामा सेवा दिइरहेको छ । अस्पताललाई एक सय शय्यामा विस्तार गर्ने गण्डकी प्रदेश सरकारले निर्णय गरिसकेकाले स्तरोन्नति प्रक्रिया सुरु भइसकको बरालको भनाइ छ । यहाँ सर्पदंश केन्द्र, रक्तसञ्चार केन्द्रको क्षमता वृद्धि, फोहरमैला व्यवस्थापन, डायलाइसिस सेवाको क्षमता वृद्धिका साथै अस्पताललाई ट्रमा सेन्टरका रूपमा विकास गर्नुपर्ने डा बरालले आवश्यकता औँल्याउनुभयो । विसं २०३४ मा स्वास्थ्यचौकीका रूपमा स्थापना भई २०५५ सालमा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको यो अस्पताल २०५९ सालमा अस्पतालका रूपमा स्तरोन्नति भएको थियो । यहाँ फोहरपानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि अटोक्लेप्ससहित भवन निर्माण, आँखा विशेषज्ञसहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, यनेस्थेसिया सेवा, भेन्टिलेटरसहित आइसीयू कक्ष, अत्याधुनिक ल्याब सेवा, डिजिटल एक्सरे, निःशुल्क औषधि कक्षलगायत सेवा विस्तार भइसकेको छ । साथै शव राख्नका लागि दुई तह भएका दुईवटा मर्चरी चेम्बरको पनि अस्पतालमा व्यवस्था गरिएको छ । अस्पतालले आकस्मिक सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायलाइसिस सेवा पनि प्रदान गर्दै आइरहेको छ ।

# लामाचौर तिज महोत्सवमा खुल्ला पुरुष तथा अन्तर बिद्यालय स्तरिय छात्रा भलिवल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भाद्र

नेपाली नारीहरुको महान पर्व हरितालिका तिज पर्वको अवसरमा पोखराको लामाचौरमा यस बर्ष खुल्ला पुरुष भलिवल तथा अन्तर बिद्यालय स्तरिय छात्रा भलिवल प्रतियोगिता हुने भएको छ ।

पोखराको नव आदर्श सामुदायिक विकास समाजको आयोजनामा पोखराको इन्द्रराज्य लक्ष्मी माविको खेल मैदानमा यही भदौं ७ गते देखि १० गतसम्म उक्त प्रतियोगिता हुने भएको पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो ।

खुल्ला पुरुष तर्फ यस बर्ष करिब ८ टिम सहभागि हुने भएको समाजका अध्यक्ष ई.दिनेश भण्डारीले बताउनु भयो । उहाँका अनुसार विभागिय टोली सशस्त्र प्रहरी वलको एपिएफ, नेपाली सेना, स्याङजा, कास्की माचापुच्छ्रे, जिएम समाज, पोखरा १९ को एक टिम प्रतियोगितामा सहभागि हुने भएको केही टिम एक दुई दिनमा टुंगो लाग्ने उहाँले जनाउनु भयो । एनभिए कपमा सहभागि एका ३ जनासम्म खेलाडीहरु एउटा टिममा खेल्न पाउने भएकाछन् । त्यसै गरी गत बर्षको तुलनामा पुरस्कार राषिमा समेत दोब्बरले बृद्धि गरी विजेतालाई ३ लाख पुरस्कार प्रदान गरिने भएको प्रचार संयोजक बिष्णुप्रसाद गौतमले बताउनु भयो । उपविजेतालाई भने १ लाख ५० हजार प्रदान गरिने भएको छ । गत बर्ष महिला तथा पुरुष तर्फको टिमले जनही १ लाख ५० हजार पुरस्कार प्राप्त गरेका थिए ।

बिद्यालयस्तरबाट महिला भलिवल खेलको विकास गर्ने उद्धेश्यले यस बर्ष देखि अन्तर-विद्यालय छात्रा भलिबल प्रतियोगिता हुने भएको छ । प्रतियोगितामा विजेताले १ लाख, उपविजेताले ५० हजार प्राप्त गर्नेछन्। विगत ११ बर्षसम्म निरन्तर हुदै आएको महिला राष्ट्रिय भलिवल प्रतियोगिता यस बर्ष भने स्थगित गर्नु परेको समाजका निर्वतमान अध्यक्ष स्वागतमानसिंह भण्डारीले बताउनु भयो । उक्त प्रतियोगितामा न्यून टिमको सहभागिता हुने र आर्थिक अभावका कारण यस बर्ष उक्त प्रतियोगिता स्थगित गर्नु परेको उहाँले जनाउनु भयो । विगतमा राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार लगायतका निकायहरूबाट सहयोग पाउँदै आएको भए पनि यस बर्ष खासै बजेट विनियोजन नभएकोले ई.भण्डारीले गुनासो गर्नुभयो । तिज महोत्सव भने भदौं ८ देखि १० गतेसम्म संचालन हुने भएको छ । उक्त अवसरमा आयोजना हुने उक्त तिज महोत्सव सहित विभिन्न खेलकुद सहितका अन्य कार्यक्रम सम्पन्न गर्न करिब ४५ लाख खर्च लाग्ने अर्थ समितिका संयोजक कमल बहादुर थापाले बताउनु भयो । समाजले २९ औं वार्षिकोत्सवको अवसर पारेर लामाचौर तीज महोत्सव गर्न लागेको हो। महोत्सवमा आयोजना हुने अन्तर बिद्यालय स्तरिय लोक नृत्य प्रतियोगितामा विजेतालाई ४० हजार उपविजेतालाई २५ हजार रुपैया प्रदान गरिने भएको छ । तिज गित प्रतियोगितामा प्रथम हुने टोलीलाई ५० हजार दोश्रो हुनेलाई ३० हजार र तेश्रो हुनेलाई २० हजार प्रदान गरिने भएको छ । 'मौलिक संस्कृतिको जगेर्ना गरौं' भन्ने नारा सहित आयोजना हुने महोत्सवमा करिब ५० औद्योगिक तथा व्यापारिक स्टल, बाल उद्यान, कलाकार हरूको दैनिक प्रस्तुति, स्रष्टा सम्मान, विविध मनोरञ्जनात्मक तथा सांस्कृतिक कार्यक्रम रहने भएको द्वितीय उपाध्यक्ष हरिबहादुर थापाले बताउनु भयो । महोत्सवमा लोकदोहोरीका चर्चित कलाकारहरू प्रकाश दूतराज, जानकी तारामी मगर, रीता थापा मगर, शिव हमाल, श्रीदेवी देवकोटा, दीपक खड्का, प्रजापति पराजुली, रामजी पौडेल, माया गुङ, लक्ष्मी नेपालीलगायतले आफ्नो प्रस्तुति दिने प्रचार-प्रसार संयोजक विष्णुप्रसाद गौतमले जानकारी दिनुभयो ।

महोत्सवबाट बचत रकम आकस्मिक सेवा तथा तीज महोत्सव कोषमा थपिने भएको छ । यसअघि २०५४ सालमा पहिलोपटक आयोजना गरिएको लामाचौर मेला मार्फत संस्थाले एम्बुलेन्स, शववाहक सञ्चालन गर्नुका साथै समाजको पहलमा गोस्तेघाटमा फुटबल मैदान निर्माण गरिएको पूर्व अध्यक्ष बुद्धिबहादुर खत्रीले बताउनु भयो । यस वर्षको महोत्सव डिसहोम फाइबर नेटको मुख्य प्रायोजनमा, रारा चाउचाउ (हिमश्री फुड्स प्रालि) र एक्सपर्ट एजुकेशन एण्ड भिसा सर्भिसेसको टाइटल प्रायोजन गरेकाछन् । महोत्सव संरक्षकमा पोखरा महानगरपालिका वडा नं. १६ र १९ रहेका छन् भने गण्डकी प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड, गण्डकी प्रज्ञा-प्रतिष्ठान लगायत विभिन्न संघ-संस्थाहरू प्रबर्द्धक र सहयोगीका रूपमा रहेका छन् । समाजले आयोजना गर्ने महोत्सवमा खेलकुदको समेत प्रबर्द्धन हुने पूर्व अध्यक्ष नवीन भण्डारीले जनाउनु भयो ।

# अझै जीवित छ एक हजार वर्ष पुरानो 'गाउँ पूजा'

डम्मर बुढामगर
बागलुङ, ४ भाद/रासस



अर्ध नग्न शरीर, मोसोले छोपिएको अनुहार र छाति, कम्मरमा सेतो कपडा बाँधेर हातमा धुपीको हाँगो समातेर केही युवा दौडिँदै थिए । ती युवाका पछि ढ्याङ्ग्रो ठट्याउँदै आइरहेका थिए, झाँक्रीहरु । माथिदेखि दौडिँदै आएको झाँक्री र एक हुल युवाको दृश्य अनौठो थियो । यो अवसरको साक्षी बन्न निसेलढोरमा सयौं मानिस जम्मा भएका थिए ।

यसलाई निसीवासीले नांखा (गाउँ) पूजा भन्छन् । यो पूजा एक हजार वर्ष पुरानो भएको स्थानीयको विश्वास छ । हरेक दुई/दुई वर्षमा हुने गाउँ पूजा पछिल्लो समय मेलाकै रुपमा लिन थालिएको छ । गाउँ पूजालाई मगर खाम भाषामा नांखा पूजा भन्ने गरिन्छ । यो अन्य पूजाभन्दा भिन्न छ । भदौ १ गते निसीवासीले गाउँ पूजालाई धुमधामका साथ मनाउने गर्छन् ।

स्थानीयले साउन मसान्तकै दिनदेखि विभिन्न देवीदेवताका नाममा पूजा गर्ने र साँझ गाउँभरीका झाँक्रीहरु एकै ठाउँमा जम्मा भएर तन्त्रमन्त्र गर्छन् । बिहान सबेरै निसेलढोर गाउँभन्दा माथि रहेको बराह थानमा पुगेर पूजा गर्छन् । बराह थानमा पुगेपछि युवाहरुले अर्ध नग्न बनेर अनुहार र शरीरमा मोसो दली राक्षसको स्वरुप धारण गर्ने गर्छन् । झाँक्री र राक्षसको स्वरुप धारण गरेका कापैले गाउँमा अनिष्ट गर्ने भुतप्रेत र राक्षेसी आत्मालाई उत्तरगङ्गा नदीमा खसाल्ने बुढापाका बताउँछन् ।

**अनिष्ट हुन थालेपछि 'गाउँ पूजा' गर्न थालियो**

सुरुआती समयमा निसेलढोर गाउँमा वर्ष अगाडि अनिष्ट हुन थालेपछि गाउँलेले गाउँ पूजा गर्न थालेको इतिहास रहेको निसीखोला गाउँपालिकाका उपाध्यक्ष प्रेमबहादुर घर्ती मगरको भनाइ छ । एक हजार वर्ष पहिले निसेलढोरबाट स्थानीय बसाइँसराइ गरेर अन्तै जाँदा हिँड्न नसक्ने बुढाबुढी (जुजाजुजी) लाई गाउँमाथिको ओडारमा लगेर छोडेको र महिनौंपछि हेर्न पुग्दा उनीहरुको मृत्यु भइसकेको हुँदा उनीहरुको आत्माको शान्तिका लागि गाउँ पूजा थालिएको बुढापाकाले सुनाएको घर्ती बताउनुहुन्छ । ओडामार मृत्यु भएका जुजाजुजी राक्षसको रुपमा गाउँ पसेरपछि मान्छे मर्ने, धन सम्पत्ति, बालीनालीको क्षति हुने, पशुचौपायासमेत मर्ने गरेपछि सुरु शान्तिका लागि सुरु गरिएको गाउँ पूजा अहिलेसम्म चल्दै आएको उहाँको भनाइ छ । पहिले निसेलढोर आसपासमा ठूलो बस्ती रहेको प्रमाणित गर्ने अवशेषहरु अहिले भेटिने गरेको उपाध्यक्ष घर्तीमगरले बताउनुभयो । गाउँ पूजा गर्दा मृत आत्माले शान्ति पाउने र गाउँमा अनिष्ट नहुने उहाँ बताउनुहुन्छ । "बुढापाकाका अनुसार पहिले निसेलढोरमा ठूलो बस्ती थियो, अहिले पनि त्यसका अवशेष भेटिन्छन्, त्यसबेला मानिसहरु बसाइँसराइ गरेर अन्तै जाँदा हिँड्न नसक्ने जुजाजुजीलाई गाउँमाथिको ओडारमा छोडे छन्, पछि आफन्त भेट्न आउँदा उनीहरुको मृत्यु भइसकेको रहेछ," उपाध्यक्ष घर्ती मगरले भन्नुभयो, "उनीहरुको मृत्यु भइसकेपछि निसेलढोर गाउँमा अशुभ हुन थालेछ, त्यसपछि सिंगो गाउँमा बस्ने सबैले गाउँ पूजा गर्न सुरु गरे छन्, पूजा गरेपछि गाउँमा अनिष्ट हुन छोडेछ, एक वर्ष पूजा गऱ्यो भने दुई वर्षसम्म अशुभ नहुने मान्यता छ ।"

**भूत धपाउन खोलामा हाम फाल्छन् युवा**

बराह थानबाट पूजा गरेर फर्किएका राक्षसको रुप धारण गरेका कापै अग्लो झोलुङ्गे पुलबाट उर्लिएको उत्तरगंगा नदीमा हाम फल्छन् । जसलाई स्थानीयले भूत प्रेतलाई धपाएको भन्ने गर्छन् । यसरी भूत धपाएपछि गाउँमा कुनै पनि किसिमको अनिष्ट नहुने स्थानीय राजमन बुढा मगरले बताउनुभो ।

यस पुलमा दैविक शक्ति रहेको हुँदा उत्तरगंगामा हाम फाल्ने कापैलाई चोट पटक नलाग्ने र नदीले नबगाउने बुढा मगरले बताउनुभयो । पहिले झोलुङ्गे पुल नबन्दा काठको साँघुबाटनै कापैले खोलामा हाम फल्ने गरेको उहाँको भनाइ छ । भूतलाई खोलामा खसाएपछि गाउँलाई रोग व्याधी नलाग्ने, वस्तुभाउ र बालीनाली पनि राम्रो हुने बुढा मगरको भनाइ छ ।

उहाँले भन्नुभयो, "झाँक्रीले विधिअनुसार कापैलाई तन्त्रमन्त्र गरेको हुन्छ, कापैले अनुहारमा लगाएको मोसो, शरीरमा लेखिएको विभिन्न अक्षर र राक्षसको जस्तो पहिरनले भूत प्रेतलाई फकाउने र लखेट्दै लगेर खोलामा खसाल्ने गरिन्छ, हाम्रो पुर्खाहरुले मान्दै आएको परम्परा अहिलेसम्म चल्दै आएको छ, यसमा धार्मिक विश्वास छ, हाम्रो आस्था छ ।"

**संरक्षणमा युवा र पालिकाको चासो**

गाउँ पूजालाई लोप हुन नदिनका लागि निसीखोला गाउँपालिका-५ का युवाहरुले चासो दिएका छन् । यसवर्ष गाँउ (नांखा) पूजा सञ्चालक तथा व्यवस्थापन समितिमार्फत पूजा सञ्चालन गरिएको थियो । युवाहरुले चासो नदिँदा लोप हुने हुँदा संरक्षणका लागि आफूहरु लागेको गाँउ (नांखा) पूजा सञ्चालक तथा व्यवस्थापन समिति अध्यक्ष लक्ष्मण छन्त्यालले बताउनुभयो । युवाहरुलाई एकताबद्ध गराएर पूजा संरक्षणमा लागेको उहाँको भनाइ छ ।

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले कला संस्कृति संरक्षणका लागि गाउँपालिका हरेक वर्ष बजेट विनियोजन गरी काम गर्दै आएको बताउनुभयो । लोपोन्मुख संस्कृतिको संरक्षणका लागि पाका पुस्ता र नयाँ पुस्तालाई एकै ठाउँमा राखेर पुस्तान्तरण गर्ने काम गाउँपालिकाले गर्दै आएको उहाँको भनाइ छ । गाउँ पूजा निसीखोलाको विशिष्ट मौलिक संस्कृति भएको हुँदा पालिकाले प्राथमिकतामा राखेरै संरक्षणमा जोड दिएको अध्यक्ष घर्ती बताउनुहुन्छ ।

# लोमान्थाङमा खुल्यो 'सङ्ग्रहालय'

पोखरापत्र संवाददाता
मुस्ताङ, ४ भाद्र

उत्तरी चीनसँग सिमाना जोडिएको उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकास्थित पर्खालले घेरिएको माटोको सहरका रुपमा परिचित लोमान्थाङमा सङ्ग्रहालय स्थापना गरिएको छ । यहाँका स्थानीय जनप्रतिनिधि छेवाङ रिनजिन गुरुङले व्यक्तिगत रुपमा त्यहाँ सङ्ग्रहालय स्थापना गर्नुभएको हो ।

उपल्लो मुस्ताङस्थित पर्खालले घेरिएको माटोको सहर लोमान्थाङको विगत र वर्तमान अवस्थामा भइरहेका विद्यमान परिवर्तित विकासलाई त्यहाँ पुग्ने पर्यटक माझ पस्किन लोमान्थाङका वडा सदस्य छेवाङले सङ्ग्रहालय स्थापना गरेका हुन् । त्यहाँ वडा सदस्य छेवाङले आफ्नो पूर्वजले बनाएको दुई सर्य वर्ष पुरानो ढुङ्गा र माटोले निर्मित पुरानो दुईतलाको घरमा सङ्ग्रहालय स्थापना गर्नुभएको हो ।

उपल्लो मुस्ताङमा बर्सेनि विदेशी पर्यटकले महँगो शुल्क तिरेर त्यहाँ जाने गर्छन । पछिल्लो समय सडक सहज भइसकेकाले नेपाली स्वदेशी पर्यटक उल्लेख्य मात्रामा उपल्लो मुस्ताङ घुम्न पुग्छन् । त्यहाँ पुग्ने स्वदेशी तथा विदेशी पर्यटकले लोमान्थाङको ऐतिहासिकता, धर्म, संस्कृति र परम्पराको बारेमा खासै जानकारी हासिल गर्न सक्दैनन् । यसर्थ उपल्लो मुस्ताङको भ्रमण गर्ने पर्यटकलाई त्यहाँ पर्खालले घेरिएको लोमान्थाङको पर्याप्त जानकारी उपलब्ध गराउने उद्देश्यले वडा सदस्य छेवाङले सङ्ग्रहालय स्थापना गरेको बताउनुहुन्छ ।

सन् १९९२ पछि उपल्लो मुस्ताङमा धेरै विकासका नमूना कोरिएको सङ्ग्रहालय सञ्चालन छेवाङले उल्लेख गर्नुभयो । "यहाँ पाँच सय वर्षमा हुन नसकेको विकास पछिल्लो ३० वर्षमा भएको छ", यहाँ सडक, बिजुली, इन्टरनेटका सुविधा जोडिएका छन्", सञ्चालक वडा सदस्य छेवाङले थप्नुभयो", यहाँ लोमान्थाङको पहिलेको जीवनशैली र वर्तमानको जीवनशैलीलाई अहिलेको पुस्तालाई देखाउन र पर्यटकलाई परिवर्तित लोमान्थाङको सचित्र उजागर गर्ने गरी सङ्ग्रहालयमा त्यसका तस्बिरहरू राखिएको छ ।" पर्खालले घेरिएको लोमान्थाङभित्र दर्जनौं पुराना ढुङ्गा र माटोले बनेका ऐतिहासिक गुजमुच्च एकआपसमा जोडिएका परम्परागत घर अवस्थित छन् । त्यही पुराना घरहरूमा त्यहाँ जाने पर्यटकले रात कटाउँथे । अहिले त्यस्तो अवस्था नरहेको वडा सदस्य छेवाङको भनाइ छ । लोमान्थाङमा आधुनिक घरहरू निर्माण हुँदै गरेको र पर्यटकका लागि भीआइपी होटलहरू सञ्चालनमा रहेको उहाँले बताउनुभयो । यहाँ सङ्ग्रहालयमा पर्यटकलाई विगत र वर्तमान लोमान्थाङको परिवर्तित अवस्थालाई म्यूजिक अवलोकनबाट सबै कुरा जानकारी प्राप्त हुने बताउनुभयो । सङ्ग्रहालयमा यहाँको हिउँदयाम र वर्खायाममा हुने मौसम परिवर्तन र जीवनशैलीको थुप्रै तस्बिरहरू सङ्ग्रहालयमा व्यवस्थापन गरेका छन् । यहाँका कृषि, पशुपालक, चाडपर्व, ऐतिहासिक तथा धार्मिक सम्पदाको तस्बिर ग्यालरी सङ्ग्रहालयमा पुगेर अवलोकन गर्न पाइने वडा सदस्य छेवाङले बनाउनुभयो । लोमान्थाङको ऐतिहासिक तिजी र यार्तुङ लगायतका विभिन्न चाडपर्व मनाउने प्रचलन र तरिकालाई सङ्ग्रहालयमा समेटिएको उहाँले बताउनुभयो । 'यहाँको महत्वपूर्ण चाडपर्व अवलोकन गर्न नसकेका पर्यटकले सङ्ग्रहालयबाट धेरै कुरा जानकारी प्राप्त हुन्छ", यसले यहाँ आइपुग्ने पर्यटक तथा विभिन्न खोज अनुसन्धान गर्नेका लागि सङ्ग्रहालय उपयोगी बन्न सक्नेछ", उहाँले भन्नुभयो ।

छेवाङले सङ्ग्रहालयभित्र सदियौं वर्ष पहिले प्रयोग हुने भाडावर्तन, खेतीपातीमा प्रयोग हुने घरेलु औजार, पूजाका सामग्रीलगायत समान सजाइएका छन् । निकै लामो समय युरोप बसेर स्वदेशमै केही गर्न सकिन्छ भन्ने हेतुले पुर्ख्यौली थलो लोमान्थाङ फर्किएका छेवाङ सामाजिक अभियान्ताका साथै पर्यटन पथप्रर्दशक हुनुहुन्छ । उहाँ लोमान्थाङ-५ को वडा सदस्यमा निर्वाचित भएपछि त्यहाँका विकास र समृद्धिका लागि लागि पर्नुभएको छ । गाउँठाउँमै बसेर केही आयआर्जन गर्न सकिन्छ भनेर अरुले गर्न नसकेको फरक खालको व्यवसाय सुरु गरेको वडा सदस्य छेवाङ बताउनुहुन्छ । उहाँले सङ्ग्रहालयमा उपल्लो मुस्ताङ लेण्ड स्कीप तस्बिर र जैविक विविधतालगायत तस्बिर ग्यालरी राखेको बताउँछन् ।

उपल्लो मुस्ताङको लोमान्थाङ आउने पर्यटकले लोमान्थाङको विगत र वर्तमान अवस्था, मुस्ताङी राजाको दरबार, साँघुरो गल्ली, पर्खालले घरिएको माटोको सहर लोमान्थाङ, यहाँका गुम्बा, मार्ने, छोर्तेनलगायत तस्बिर सङ्ग्रहालयभित्र राखिएको छेवाङले बताउनुभयो ।

छेवाङले भदौ १ गतेदेखि लोमान्थाङमा सङ्ग्रहालय स्थापना गर्नु भएको हो । त्यसो त लोमान्थाङमा आमची घ्याचो बिष्टको आयुर्वेद संग्रालय पनि छ । छेवाङले स्थापना गरेको संग्रालय परिवारका सदस्यहरूले आलापालो गरी चलाउने गरेको जानकारी दिनुभयो । यहाँ संग्रालय अवलोकन गर्ने स्वदशी तथा विदेशी पर्यटकलाई अवलोकन शुल्क वापत दुई सय रुप शुल्क उठाउन गरेको वडासदस्य छेवाङले बताउँनुभयो । तर, स्कुल र क्याम्पसमा पढ्ने विद्यार्थीहरूका लागि परिचय पत्र देखाएमा निःशुल्क अवलोकन गर्न पाउँने व्यवस्था गरिएको वडा सदस्य छेवाङको भनाइ छ । सङ्ग्रहालयका लागि स्थानीय पालिकामा संस्था दर्ता भइसकेको उहाँले जानकारी दिनुभयो ।

# महाशिलावासीद्वारा फलामखानी उत्खनन गर्न माग

पोखरापत्र संवाददाता
पर्वत, ४ भाद्र

यहाँको महाशिला गाउँपालिका-६ मा रहेको सम्भावित फलामखानी उत्खनन गर्न स्थानीयवासीले पुनःमाग गरेका छन् ।

विगत चार वर्षअघि पनि खानी तथा भूगर्भ विभाग लैनचौर काठमाडौंको टोलीले खानीको उत्खनन गर्न प्रक्रिया सुरु गरेको भए पनि अध्ययन, अनुसन्धानमात्र गरेर फर्किएको थियो । भूगर्भविद्हरूले इआरटी (इलेक्ट्रिकल रेसिस्टीभिटी टेक्नोलोजी)का माध्यमबाट अध्ययन गर्दा प्रशस्त फलाम रहेको प्रमाण भेटिएको जनाइएको थियो । कुनै ठाउँमा सतहमा फलाम भेटिएको थियो भने कुनै स्थानमा जमिनमुनि भएको पाइएको बताइएको छ ।

फलामखानीमा दुई किलोमिटर लम्बाइमा खानी फैलिएको अनुमान छ । तर स्थानीयले पटकपटक फलामखानीको उत्खनन माग गर्दा पनि कतैबाट तदारुकता नदेखाएपछि निरास बनेका छन् । कहिले केन्द्र सरकार त कहिले प्रदेश सरकारसँग उत्खननको माग गरे पनि नीति तथा कार्यक्रममा चर्चा हुने तर बजेट विनियोजन नहुने समस्या भएको महाशिला -६ का वडाध्यक्ष गोविन्दबहादुर विकले बताउनुभयो । धुवाँकोटे फलामले चिनिएको खानी सञ्चालनका लागि खानी तथा भूगर्भ विभाग र लुम्बिनीस्थित नेपाल पर्वत खनिज उद्योगबीच २०६७ पुस ८ गते सम्झौता पनि भएको थियो । तर उक्त कम्पनीले लामो समय चासो नदेखाएपछि विभाग आएर अध्ययन गरे पनि अन्य प्रक्रिया भने सुरु नभएको उहाँले जानकारी दिनुभयो । उक्त फलामखानी सदरमुकाम कुश्मा बजारबाट झण्डै ३५ किलोमिटरको दूरीमा रहेको छ । महाशिला वडा नं ५ लुङ्खुदेराली र वडा नं ६ फलामखानी क्षेत्रमा फैलिएको यो खानीको विस्तृत सर्वेक्षण गरी उत्खनन गर्न लामो समयदेखि स्थानीयवासीले माग गर्दै आएका छन् । स्थानीयले उत्खनन गरेको फलामका सामग्री २०४० सालसम्म पनि किन्न र देख्न पाइने यहाँका बुढापाकाहरु बताउँछन् । यहाँको फलाम अन्यत्रजस्तो प्रशोधन गर्नुपर्ने नभएको उनीहरुको भनाइ छ । खानीबाट निकालेको फलाम सिधैं तताएर आवश्यक सामग्री बनाउन सकिने खालको भए पनि पछि कोइला अभावमा उत्खनन् गर्न छाडेको स्थानीय प्रेमबहादुर सुनारले जानकारी दिनुभयो । उहाँका अनुसार तत्कालीन समयमा यहाँको फलामबाट बनेका घरेलु हतियार बागलुङ, पाल्पा, स्याङ्जाका विभिन्न गाउँमा बिक्री हुन्थ्यो । आधुनिक मेसिन र सडकको यात्रा नहुने भएकाले पर्वत आसपासका खोलामा निर्माण भएका पुलमा समेत यहीँको फलामबाट बनेका लठ्ठाको प्रयोग गरिएको थियो । मोदीवेणी र जैमिनीघाटका पुलमा अझै पनि फलामखानीको फलामले बनेका लठ्ठाका पुल देख्न सकिन्छ ।

गाउँभरि सम्भावित फलामको खानी भएकाले नै उतिबेला यो गाउँको नामै फलामखानी राखिएको वडाध्यक्ष विकले बताउनुभयो । फलामखानीमा बसोबास गर्ने विक र दर्जी परिवारबाट कम्तीमा एक जना उतिबेला फलामको खानीमै बास बस्ने गरेको वडाध्यक्ष विकको भनाइ छ । यहाँको फलामखानी उत्खनन् हुने हो भने मुलुककै आर्थिक अवस्था सुधारमा फाइदा पुग्नुका साथै सयौं युवायुवतीले रोजगारीको अवसर पाउने उहाँ बताउनुहुन्छ । घरदैलोमा भएको फलामको खानी उत्खनन गर्न नसकेर आयातित फलाम प्रयोग गर्नुपरेको स्थानीय बलबहादुर क्षेत्रीले बताउनुभयो । तत्कालीन जिल्ला विकास समितिको पहलमा २०६० को दशकमा सरकार र विभिन्न खानी तथा भूगर्भशास्त्रीहरूसँग यहाँको खानी उत्खनन गर्न विभिन्न प्रयास गरेको भए पनि सम्भव नभएको उहाँको भनाइ छ । यसैबीच बन्द अवस्थामा रहेको उक्त फलामखानी सञ्चालन गर्ने प्रक्रिया अघि बढाउन प्रधानमन्त्री केपी शर्मा ओलीले चासो व्यक्त गर्नुभएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा गत शुक्रबार आयोजित मन्त्रालयगत वार्षिक प्रगति समीक्षा तथा कार्यसम्पादन सम्झौता कार्यक्रममा विभागीय मन्त्री तथा सचिवलाई फलामखानी तत्काल सञ्चालनमा ल्याउन निर्देशन दिनुभएको हो । नयाँ र युगान्तकारी काम गर्न सबै मन्त्री तथा सचिवलाई निर्देशन दिँदै धौवादीभन्दा पनि राम्रो फलाम पर्वतको फलामखानीमा हुनसक्ने भन्दै त्यसलाई तत्काल सञ्चालनमा ल्याउनका लागि अध्ययन अनुसन्धान थालिहाल्न निर्देशन दिनुभएको हो । उहाँले विशेषगरी उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरेलाई अध्ययन, अनुसन्धान गर्न लगाइहाल्न निर्देशन दिनुभएको हो ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "पर्वत तथा कास्कीका विभिन्न खोलामा अहिले पनि साविक फलामखानी गाविसको मैमडाँडाको फलामले बनेका पुलहरू रहेका छन् । विशेषगरी पोखराको भिमादमा अहिले पनि साङ्लवाला पुल झुन्डिइरहेको छ । त्यहीँका लोहारहरूको मेहनतले बनाएको पुल अझै झुण्डिएको छ ।" प्रधानमन्त्री ओलीले पर्वतको फलामखानीलाई धौवादीको फलामसँग मिलाएर उन्नत खालको फलाम उत्पादन गर्न सकिने बताउनुभयो । उहाँले मुलुकको आर्थिक समृद्धि, रोजगार सृजना र आयातित फलामलाई विस्थापित गर्नका लागि यस्ता खालका उद्योग सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको हो ।

# निसेलढोरवासीले अझै विद्युत् सेवा उपयोग गर्न पाएनन्

पोखरापत्र संवाददाता
बागलुङ, ४ भाद्र

निसेलढोर गाउँमा विद्युत् सेवाको पहुँच अझै पुगेको छैन निसीखोला गाउँपालिका-५ स्थित यस गाउँमा झण्डै तीन सय घरमा स्थानीय बसोबास गर्छन् ।

फाट्टफुट्ट केही घरपरिवारले सोलार प्यानलमार्फत विद्युत् सुविधा उपयोग गरेपनि अधिकांश स्थानीय टुकी र दियालोकै भरमा छन् । नेपालकै एकमात्र सिकार आरक्ष ढोरपाटनभित्र पर्ने निसेलढोरमा खानेपानी, सडकको पहुँच पुगे पनि अहिलेसम्म विद्युत्को सुविधा पुग्न नसकेको हो ।

अधिकांश स्थानीय निसी गाउँबाट गएर यहाँ बसोबास गर्ने गरेका छन् । पहिले बर्खाको समयमा मात्र निसेलढोर पुग्ने निसीवासी अहिले स्थायी रूपमै यहाँ बस्न थालेका हुन् । निसेलढोरमा बस्ती विस्तार भए पनि अहिलेसम्म विद्युत्को पहुँच नपुग्दा सयौं स्थानीय समस्यामा पर्ने गरेका छन् । जेठदेखि असोजसम्म अधिकांश निसीका स्थानीय निसेलढोरमा बस्ने गर्छन् । उनीहरू अहिलेसम्म अन्धकारमै रात बिताउँदै आएका छन् । एक दशक अगाडिसम्म घुम्ती बसाइ हुने गर्दा विद्युत् विस्तारका लागि राज्यले चासो दिएको थिएन । अहिले बाह्रै महिना सयौं स्थानीय निसेलढोरमा बसोबास गर्दा पनि विद्युत्को सुविधा पाउन नसकेको स्थानीय चन्द्रबहादुर घर्तीमगरले बताउनुभयो । पछिल्लो पाँच वर्षयता निसेलढोरमा स्थायी रूपमा बस्ने स्थानीयको सङ्ख्या बढेको उहाँको भनाइ छ । हुनेखानेहरूले विभिन्न विद्युतीय उपकरण लिएर रातिमा उज्यालो सामान्य परिवारले टुकीकै भरमा रात कटाउनुपर्ने घर्तीमगर बताउनुहुन्छ ।

"अहिलेको जमानामा पनि हामीहरू विद्युत सेवा उपयोग गर्न पाएका छैनौं, सरकारले यति ठूलो बस्तीमा विद्युत् ल्याउनका लागि इच्छा देखाएन, पहिले बजारबाट मट्टितेल लिएर टुकी बाल्ने गर्थ्यौं, अहिले सबै ठाउँमा बिजुली पुगेर होला बजारमा मट्टितेल पनि पाउन गाह्रो छ", उहाँले भन्नुभयो, "विद्युत्को माग गर्न धेरै ठाउँमा पुग्यौं, तर अहिलेसम्म कतैबाट पनि माग पूरा गर्न प्रयास भएको छैन ।" गाउँमा विद्युत् नहुँदा अन्धकारमै रात बिताउनुका साथै रेडियो सुन्न, टेलिभिजन हेर्न र मोबाइल चार्ज गर्न पनि निकै समस्या भएको स्थानीय पानकुमारी विकले बताउनुभयो । दुई वर्ष अगाडि नेपाल टेलिकमले टावर राखेर फोन गर्न सुविधा दिए पनि विद्युत् नहुँदा चार्ज गर्न नपाइने उहाँको भनाइ छ । अहिले दुई घण्टा हिँडेर मोबाइल चार्ज गर्न ढोरपाटन नगरपालिका-९ स्थित भुजी आउनुपर्ने बाध्यता रहेको विकले सुनाउनुभयो । विकले भन्नुभयो, "आफन्तलाई फोन गर्न पहिला निकै समस्या थियो, दुईतीन घण्टाको उकालो चढेर अग्लो पहाडमा पुगी फोन गर्नुपर्ने बाध्यता अहिले अन्त्य भएको छ, तर बिजुली नहुँदा चार्ज गर्न टाढा जानुपर्छ, गाउँमा बिजुली हुन्थ्यो भने धेरै सजिलो हुने थियो, व्याट्रीबाट रेडियो सुन्छौं, टेलिभिजन हर्न पाएका छैनौं ।" निसीखोला गाउँपालिकाकाउपाध्यक्षप्रेमबहादुर घर्तीमगरले निसेलढोरमा विद्युत् पुर्‍याउन केन्द्र र प्रदेश सरकारसँग सहकार्य गरिरहेको जानकारी दिनुभयो । स्थानीय जलविद्युत आयोजनाबाट तार तानेर विद्युत् लैजाने भनिए पनि काम नभएको उहाँको भनाइ छ । आगामी वर्षसम्म निसीखोलामा विद्युत् बालेर छाड्ने उपाध्यक्ष घर्तीमगर बताउनुहुन्छ ।